# निर्वाचन आयोगका पदाधिकारीहरूको आचारसंहिता, २०७७

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७७-३-३१

प्रस्तावना : स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी, मितव्ययी तथा प्रभावकारी निर्वाचन व्यवस्थापन तथा सञ्चालनको माध्यमबाट सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न निर्वाचन प्रतिको जनआस्था, विश्वास र प्रतिष्ठालाई उच्च राख्न आयोगका पदाधिकारीहरूको आचरण एवम् व्यवहारका विषयमा आधारभूत सिद्धान्त तथा मानकहरू निर्धारण गरी अन्तर्राष्ट्रियस्तरमा विकसित निर्वाचन व्यवस्थापन सम्बन्धी विद्यमान प्रचलन, व्यवहार, सिद्धान्त, निर्वाचनका मूल्य, मान्यता समेतलाई समेटी पदाधिकारीहरूको आचारसंहिता बनाउन वाञ्छनीय भएकोले,

निर्वाचन आयोगले यो आचारसंहिता बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचारसंहिताको नाम "निर्वाचन आयोगका पदाधिकारीहरूको आचारसंहिता, २०७७" रहेको छ।

(२) यो आचारसंहिता तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

२.१ "आचरण" भन्नाले पदाधिकारीले पालना गर्नुपर्ने व्यवहार, बानी व्यहोरा, चालचलन वा चरित्र सम्झनु पर्छ।

२.२ "आयोग" भन्नाले नेपालको संविधानको धारा२४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

२.३ "कर्मचारी" भन्नाले आयोग र जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

२.४ "कार्यालय" भन्नाले आयोगको केन्द्रीय कार्यालय तथा आयोग अन्तर्गतका जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

२.५ "दल" भन्नाले नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ।

२.६ "पदाधिकारी" भन्नाले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तमा बहाल रहेका पदाधिकारी सम्झनु पर्छ।

२.७ "परिवार" भन्नाले पदाधिकारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरूष र अविवाहिता महिला पदाधिकारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला पदाधिकारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

३. स्वतन्त्रता सम्बन्धी आचरणहरू :

३.१ पदाधिकारीले निर्वाचन व्यवस्थापन सम्बन्धी कार्य गर्दा कानूनको सही प्रयोग गरी प्रत्यक्ष वा परोक्ष रूपमा आउने प्रभाव, दबाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई स्वतन्त्रतापूर्वक गर्नु पर्दछ।

३.२ पदाधिकारीले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा मर्यादामा रही गर्नु पर्नेछ । सामाजिक सम्बन्धका कारणले निर्वाचन सम्बन्धी निर्णयमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले निरूपण गर्नुपर्ने दल सम्बन्धी विवादका पक्षहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रहनु पर्नेछ।

३.३ पदाधिकारीले निर्वाचन विवादको निरूपण गर्ने क्रममा स्वतन्त्रतापूर्वक कार्य गर्नु पर्दछ र अन्य सहकर्मी पदाधिकारीलाई पनि स्वतन्त्रतापूर्वक निर्वाचन विवादको निरूपण गर्नसक्ने सहज वातावरण प्रदान गर्नु पर्नेछ । साथै कुनै प्रकारको हस्तक्षेप गर्न, अनुचित प्रभाव पार्न वा दबाव दिनु हुँदैन ।

३.४ पदाधिकारीले आयोगको संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र आयोगको स्वायत्तता अभिवृद्धि गर्न प्रयास गर्नु पर्नेछ ।

३.५ पदाधिकारीले उदाहरणीय तथा अनुकरणीय आचरण प्रर्दशन गरी आयोगप्रतिको जनआस्था तथा विश्वसनीयता अभिवृद्धि गर्नु पर्नेछ ।

३.६ पदाधिकारी निन्दा, आलोचना, आक्रोश आदिबाट दुःखित हुने तथा वधाई, प्रशंसा, नम्रताबाट प्रभावित हुने मानवीय स्वभावको नकारात्मक असरबाट किञ्चित रुपमा विचलित नभई निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा नकारात्मक असर नपरोस् भनी सँधै सजग रहनु पर्नेछ ।

४. <u>निष्पक्षता सम्बन्धी आचरणहरू</u> :

४.१ पदाधिकारीले कुनै प्रकारको मोलाहिजा, पक्षपात, पूर्वाग्रह वा द्वेषभाव नराखी निर्वाचन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी काम, कर्तव्य र अधिकार निष्पक्ष भई पूर्णरूपमा पालना गर्नु पर्नेछ ।

४.२ पदाधिकारीले दल वा निकाय वा निर्वाचनका सरोकारवालासँग गर्ने व्यवहार निष्पक्ष हुनु पर्नेछ । साथै आयोगप्रतिको उनीहरूको विश्वसनीयता अभिवृद्धि गर्न सदैव क्रियाशील रहनु पर्नेछ ।

४.३ पदाधिकारीले आयोगको समग्र कार्य सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरी कुनै पनि व्यक्तिसँग अनावश्यक रूपमा सम्बन्ध वा सम्पर्क बढाउनु हुँदैन ।

४.४ पदाधिकारीले निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा अपनाउनुपर्ने स्वच्छतामा स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टीकाटिप्पणी गर्न वा अन्य सामाजिक सञ्जाल समेतमा कुनै अभिव्यक्ति दिनु हुँदैन ।

४.५ पदाधिकारीले दल वा दलका पक्षहरू बीचको विवाद वा निर्वाचन विवादको निरूपण गर्दा कुनै आग्रह, पूर्वाग्रह नराखी विवादको निरूपण गर्नु पर्नेछ ।

४.६ पदाधिकारीले न्यायिक तथा अर्धन्यायिक कार्य गर्दा कानूनको सही प्रयोग गरी प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, दबाव, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह आदिबाट प्रेरित नभई गर्नु पर्नेछ ।

४.७ पदाधिकारीले निर्वाचनमा भाग लिएका दल तथा उम्मेदवारलाई समान अवसर र व्यवहार गरेको छ भन्ने कुरामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई समेत विश्वास दिलाउने गरी कार्य गर्नु पर्नेछ ।

४.८ पदाधिकारी व्यवस्थापिका वा कार्यपालिकाका सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क वा दलगत राजनीतिक प्रभावबाट मुक्त रहनु पर्दछ ।

५. <u>निष्ठा सम्बन्धी आचरणहरू</u> :

५.१ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको प्रतिकूल हुने गरी कुनै कार्य गर्नु हुँदैन ।

५.२ राष्ट्र विरूद्ध हुने कार्यमा सघाउ पुऱ्याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने कार्य गर्नु हुँदैन ।

५.३ पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राख्नु पर्नेछ ।

५.४ एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा पदाधिकारीको आचरण निन्दनीय छैन भन्ने कुरा पदाधिकारी आफैले व्यवहारतः सुनिश्चित गर्नु पर्नेछ ।

५.५ पदाधिकारीको आचरण र व्यवहार आयोगप्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकता उन्मुख हुनु पर्नेछ । निर्वाचनको निष्पक्षता, स्वतन्त्रता,स्वच्छता, विश्वसनीयता एवम् मितव्ययीता देखिनु पर्दछ भन्ने मान्यताबाट प्रेरित भई पदाधिकारीले आफ्नो कार्य निष्ठापूर्वक सम्पादन गर्नु पर्दछ ।

५.६ पदाधिकारी सदैव आफ्नो निष्ठा एवम् आचरणमा दृढ संकल्पित भएर रहनु पर्दछ ।

६. <u>सदाचार सम्बन्धी आचरणहरू</u> :

६.१ पदाधिकारीका हरेक क्रियाकलाप सदाचारपूर्ण हुनु पर्नेछ । सदाचार विपरीत देखिने कुनै पनि कार्य गर्नबाट पदाधिकारी अलग रहनु पर्नेछ ।

६.२ निर्वाचनका हरेक क्रियाकलापको व्यक्ति, समाज र निर्वाचन सरोकारवालाले नित्य निगरानी, अनुगमन र मुल्याङ्कन गर्ने हुँदा पदाधिकारीले सदैव आफ्नो कारणबाट निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा अनुचित कार्य नहोस् भन्ने कुरा मनन गरेर आफ्ना क्रियाकलाप नियन्त्रित गर्नु पर्दछ ।

६.३ पदाधिकारीले आफूले प्रयोग गरी आएको आवासमा कुनै दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधिसँग आफूले सम्पादन गर्ने वा आफू संलग्न हुने कार्यसँग सम्बन्धित विषयमा बाहेक अन्य विषयमा छलफल वा भेटघाट गर्न दिनु हुँदैन ।

६.४ पदाधिकारीले अन्य नागरिक सरह विचार अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघ सस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकारको प्रयोग गर्दा आफ्नो पदको मर्यादा, गरिमा र आयोगको स्वतन्त्रता एवम् निष्पक्षता जोगाई राख्ने गरी गर्नु पर्नेछ ।

६.५ पदाधिकारीले आफ्नो व्यक्तिगत वा आफूलाई कानून बमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थ तथा आफ्नो परिवारका सदस्यको आर्थिक कारोवार एवम् स्वार्थका सम्बन्धमा जानकारी राख्ने उचित प्रयास गर्नु पर्नेछ ।

६.६ पदाधिकारीले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने निर्वाचन व्यवस्थापन तथा सञ्चालनका कार्य वा निर्णयको अनुचित प्रभाव पार्न दिनु हुँदैन ।

६.७ पदाधिकारीले आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरू कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्नु वा गर्न दिनु हुँदैन ।

६.८ पदाधिकारीको हैसियतले निर्वाचन सम्बन्धी कार्य गर्दा प्राप्त गरेको गोप्य सूचना कर्तव्य पालन गर्दा बाहेक अन्य उद्देश्यको लागि प्रयोग गर्नु वा खुलासा गर्नु हुँदैन ।

६.९ पदाधिकारीले निर्वाचनको व्यवस्थापन तथा सञ्चालन वा निर्वाचन विवादको निरूपण कार्यमा बाधा नपर्ने वा आँच नआउने गरी निर्वाचन प्रणाली (पद्धति) वा यस्तै विषयमा लेख्न, प्रवचन दिन, अध्यापन गर्न वा ती विषयमा देशभित्र वा बाहिर आयोजना हुने सार्वजनिक कार्यक्रममा उपस्थित हुन वा छलफलमा सहभागी हुन वा काम कारवाहीमा सहभागी हुने बाहेक अन्य काम कारवाहीमा सहभागी हुनु हुँदैन ।

६.१० निर्वाचन व्यवस्थापन तथा सञ्चालन वा विवादको निरूपण वा आयोगको अन्य कार्य सम्पादनको सिलसिलामा पदाधिकारीले कुनै कार्य गर्नको लागि वा गरे वा नगरे वापत पदाधिकारी वा निजको परिवारका कुनै सदस्यले कुनै प्रकारको आतिथ्य स्वीकार गर्न वा दान, दातव्य, उपहार, इच्छापत्र, ऋण वा आर्थिक वा नैतिक लाभ माग गर्नु वा स्वीकार गर्नु गराउनु हुँदैन ।

६.११ पदाधिकारीले जानीजानी कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा अख्तियारी अन्तर्गतको अन्य व्यक्तिलाई निर्वाचन व्यवस्थापन तथा सञ्चालनको सिलसिलामा आफूले कुनै कार्य गर्नको लागि वा गरिदिए वा नगरिदिए वापत कुनै उपहार, इच्छापत्र, ऋण वा अन्य लाभको माग गर्न वा स्वीकार गर्न अनुमति दिनु हुँदैन ।

६.१२ पदाधिकारीले निर्वाचन सम्बन्धी कार्यमा प्रभाव पार्ने वा पक्षपातपूर्ण काम गर्न प्रेरित गर्ने वा निर्वाचनको निष्पक्षतामा आँच आउने गरी कुनै पनि समारोहमा उपस्थित हुन र कुनै प्रकारको उपहार ग्रहण गर्नु हुँदैन ।

७. समानता सम्बन्धी आचरणहरू :

७.१ पदाधिकारी वर्ण, धर्म, जातजाति, लिङ्ग, अपाङ्गता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, गर्भावस्था, सामाजिक तथा आर्थिक अवस्था, भाषा वा वैचारिक अवस्था वा अन्य यस्तै अप्रासङ्गिक कारणबाट पैदा हुने सम्भावित असमान स्थितिप्रति सधै सचेत रहनु पर्नेछ ।

७.२ पदाधिकारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा निर्वाचनका सरोकारवाला वा राजनीतिक दल वा उम्मेदवारसँग समान व्यवहार गर्नु पर्नेछ ।

७.३ पदाधिकारीले निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासङ्गिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नु हुँदैन ।

७.४ पदाधिकारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुऱ्याउनु पर्नेछ । सरोकार नरहेका कुनै अप्रासङ्गिक कुराको आधारमा कसैलाई कुनै प्रकारको भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन ।

७.५ पदाधिकारीले जानीजानी कर्मचारी वा आफ्नो प्रभाव वा निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूलाई आफू समक्ष विचाराधीन निर्वाचन सम्बन्धी विवादसँग सम्बन्धित दल वा दलका उम्मेदवार वा सम्बन्धित पक्षहरूप्रति कुनै किसिमले भेदभावपूर्ण व्यवहार गर्ने अनुमति दिनु हुँदैन ।

७.६ पदाधिकारीले निर्वाचनमा लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटना लुकाउने वा गोप्य राख्ने वा यस्तै कार्यमा सहयोग पुऱ्याउनु हुँदैन ।

स्पष्टीकरण : संविधान तथा कानूनले सकारात्मक विभेदको नीति बमोजिम गरिने व्यवहारलाई अन्यथा मानिने छैन ।

८. सक्षमता र लगनशीलता सम्बन्धी आचरणहरू :

८.१ पदाधिकारीले सदैव आयोगलाई स्वायत्त, सक्षम र सुदृढ निकायको रूपमा स्थापित गर्ने कार्यमा प्राथमिकता दिनु पर्नेछ । निर्वाचनको व्यवस्थापन तथा सञ्चालन स्वच्छ, स्वतन्त्र, व्यवसायिक, कुशल, पारदर्शी र विश्वसनीय रूपबाट गर्नु पर्नेछ ।

८.२ पदाधिकारीले निर्वाचन व्यवस्थापन कार्यको कुशल सम्पादनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुणहरू कायम राख्न तथा क्षमता अभिवृद्धि गर्न उपयुक्त कदमहरू चाल्नु पर्नेछ । त्यसको लागि विभिन्न निकायबाट आयोगलाई उपलब्ध हुने तालिम, स्वदेशी एवं विदेशी अवलोकन, भ्रमण र सेमिनारबाट प्राप्त उपलब्धिको यथोचित उपयोग गर्नु पर्नेछ ।

८.३ पदाधिकारीले निर्वाचन प्रणालीका विकसित सिद्धान्तहरू, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा अन्य दस्तावेज लगायत निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीनतम् सिद्धान्तप्रति सुसूचित रही सोको उचित प्रयोग गर्नु पर्नेछ ।

८.४ पदाधिकारीले आफूले सम्पादन गर्नुपर्ने कार्यहरू कुशलता एवम् स्वच्छतापूर्वक छिटो छरितो रूपमा सम्पादन गर्नु पर्नेछ ।

८.५ पदाधिकारीले निर्वाचन व्यवस्थापन तथा सञ्चालन वा विवादको निरूपण वा अन्य कार्य गर्दाका सबै अवस्थामा निर्वाचन प्रक्रियाको सुव्यवस्था र निर्वाचनका व्यवसायिक र कानूनी मर्यादा कायम राख्नु पर्नेछ । पदाधिकारीले र दल वा निर्वाचन विवादका पक्षहरू वा अन्य सरोकारवालासँग शालीन, सौम्य, नम्र र धैर्य भई व्यवहार गर्नु पर्नेछ । यस्तै आयोगका आफ्ना कर्मचारीहरूबाट समेत निर्वाचन सरोकारवालासँग शालीन, सौम्य, नम्र व्यवहार गर्न लगाउनु पर्नेछ ।

८.६ पदाधिकारीले निर्वाचन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी काम कारवाहीमा आवश्यक पर्ने ज्ञान, सीप, लगनशीलता तथा सक्षमता अभिवृद्धिसँग मेल नखाने अन्य कुनै आचरण वा व्यवहार गर्नु हुँदैन ।

८.७ पदाधिकारीले निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा नियमितता र प्रभावकारीता अभिवृद्धि गराउन कर्मचारीका अगाडि आफूलाई आदर्शका रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

↔